| २०७७ बैशाख देखि साउन ७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२६ | ४७ | १०८ | ६ | ६ | ३ | ४७ | ० | १६१ |
| २०७७ जेठ ३० मनसुन सुरु भएदेखि साउन ७ गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण | | | | | | | | |
| पहिरो | | | बाढी | | | चट्याङ्ग | | |
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| १२४ | ४७ | १०७ | ३ | ५ | १ | १७ | ० | ४२ |

# दैनिक विपद् बुलेटिन

७ साउन विहान १०:०० बजेदेखि ८ साउन बिहान १०:०० बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर ९ स्थानमा **अविरल वर्षा, ९ स्थानमा आगलागी, ६ स्थानमा पहिरो र १ घरमा** जंगली हात्तीको आक्रमणका घट्ना घटेका छन् । यी घटनामा परेर १२ जना **घाईते** भएका छन् । १ स्थानमा बाटो अबरोध भएको छ ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| - | - | **२५** | **१२** | **५६,३१,०००** | **१** | - |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का **२५** वटा घट्नाहरु भएका छन् ।
- **तेह्रथुमको** छथर गाउँपालिका वडा नं.२ मा रहेको प्रहरी चौकी कम्पाउण्ड नजिकै उतर र दक्षिण साईडमा **पहिरो** गई **२ लाख ५० हजार रुपैयाँ** बराबरको क्षति ।
- **पाँचथर**को फाल्गुनन्द गाउँपालिका वडा नं.३ **सर्तप मा.बि.** भवनमाथिबाट **पहिरो** झरी भत्किई क्षति ।
- **मोरङ**को बुढीगंगा गा.पा- ७ जोगियारेमा अचानक एक स्थानमा परालको कुन्युमा अचानक **आगलागी** हुँदा **३५ हजार रुपैयाँ बराबर**को क्षति ।
- **सुनसरी**को कोशि गाउँपालिका वडा नं.६ श्रीपुरमा कोशि टप्पु बन्यजन्तु आरक्षणबाट २ वटा जंगली हात्ति आई **५** घरका सरसामाग्रीहरुमा असर गर्दा **७५ हजार रुपैयाँ बराबरको** क्षति।
- **धनकुटा**को छथरजोरपाटी गाउँपालिका वडा नं.५ चुम्लुङ टोलमा **पहिरो** जाँदा २ वटा घर भत्किई **७ लाख रुपैयाँ बराबरको** क्षति।
- **सर्लाही**को चन्द्रनगर गाउँपालिका वडा नं.४ मुस्लिमटोलमा अबिरल बर्षाका कारण ४ वटा घर भत्किँदा **११ लाख ७५ हजार रुपैयाँ** बराबरको क्षति ।
- **रौतहट**को राजपुर नगरपालिका वडा नं. ३ मा अबिरल बर्षाका कारण ६ वटा घर भत्किँदा **५ लाख ५ हजार रुपैयाँ बराबरको** क्षति।

## घट्ना सारांश...

- **काठमाण्डौ** महानगरपालिका वडा नं. ३ नारायणगोपाल चोकमा सुजन बस्त्रालयमा एक्कासी **आगलागी** हुँदा पसलमा रहेका सम्पूर्ण कपडाहरु जली नस्ट। तारकेश्वर नगरपालिका वडा नं. ८ जरंखुको एउटा घरमा भान्सा कोठामा खाना पकाउने क्रममा ग्यास लिक भई **आगलागी** हुँदा भाग्ने क्रममा एक जना व्यक्ति घाईते भएको ।
- **लमजुङ**को मर्स्याङदी गाउँपालिका वडा नं.३ पल्लोटारीमा अबिरल बर्षाको कारण **पहिरो** आई १९ वटा घर **पहिरो**ले पुरिँदा भाग्ने क्रममा बर्ष ७ जना सामान्य **घाईते** भएका छन् भने एक जनाको दाहिने खुट्टा भाँचिएको ।
- **पाल्पा**को निस्दि गाउँपालिका वडा नं.५ बचाङ्ग खोलामा अविरल वर्षाको कारण **वाढी** आई एकघर पुर्णरुपमा क्षति हुँदा **१५ लाख रुपैयाँ** बराबरको क्षति।
- **सल्यान**को छत्रेश्वरी गाउँपालिका वडा नं.७ जिताथानको एक घरमा बिजुलिको तार सर्ट भई **आगलागी** भएको ।
- **कञ्चनपुर**को बेलौरी नगरपालिका वडा नं.९ कुन्डाको एक गोठमा किरा भगाउन बालेको आगोबाट अचानक **आगलागी १ लाख ५० हजार रुपैयाँ** बराबरको क्षति ।
- **भोजपुर**को आमचोक गाउँपालिका वडा नं.३ तिनचुलेको एक घरमा रहेको किराना र कस्मेटिक पसलमा **आगलागी** भएको ।
- **पर्सा**को बिरगंज महानगरपालिका वडा नं. १९ बिन्दवासनी चोकमा रहेको एउटा मोबिल फ्याक्ट्रिमा रहेको बाईलरको डिस फुटि अचानक **आगलागी** भएको ।
- **रौतहट**को परोहा नगरपालिका वडा नं.४ पोखरीया टोलको एउटा घर अबिरल बर्षाको कारण पुर्णरुपमा भत्किई **३ लाख रुपैयाँ बराबरको** क्षति।
- **ललितपुर** महानगरपालिका वडा नं.१४ धापाखेल पशुपति टोलको एक घर अविरल वर्षातको कारण भत्कीई पुर्ण रुपमा क्षति ।
- **नुवाकोट**को दुप्चेश्वर गाउँपालिका वडा नं.१ नेगीको एउटा घरमा अचानक **आगलागी** हुँदा घर पुर्ण रुपमा जलेको घर भित्र रहेको अन्नपात, लत्ताकपडा, सुन, नगद सहित पुर्ण रुपमा जलि नष्ट हुँदा **१२ लाख रुपैयाँ बराबरको** क्षति ।
- **मकवानपुर**को ईन्द्रसरोबर गाउँपालिका वडा नं.३ जयघारीमा एउटा भान्छा घर अबिरल बर्षाको कारण आंशिक रुपमा क्षति हुँदा ४० **हजार रुपैयाँ** बराबरको क्षति ।
- **लमजुङ**को मर्स्याङदी गाउँपालिका वडा नं.३ खहरेखोलामा बर्षाको कारण माथिबाट **पहिरो** आई **कच्ची घर** भत्किँदा ४ जना घाइते ।
- **नवलपरासी पश्चिम**को रामग्राम नगरपालिका वडा नं.१० नदवामा रहेको एउटा पेपर बोर्ड मिलमा केमीकल स्टोर भएको कोठामा अचानक **आगलागी** भएको ।
- **प्युठान**को सरूमारानी गाउँपालिका वडा नं.२ अदुवाबारीमा एक घर अबिरल बर्षाका कारण पूर्णरूपमा क्षति ।

## सडक अवरोध

- **मकवानपुर**को भिमफेदी गाउँपालिका वडा नं.१ खोप्लाङ स्थित **हेटौडा भैसे सडकखण्ड**मा माथीबाट पहिरो आई बाटो अवरोध भएको ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट **आगलागी** र **अविरल वर्षा एवम् पहिरो**का कारण घाइते भएका व्यक्तिहरुलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रहरुमा पुर्याइएको, स्थानीयको सहयोगमा आगो नियन्त्रणमा लिइएको र बाटो अवरुद्ध भएको सडक खण्डमा स्थानीयको सहयोगबाट बाटो खुलाउने कार्य भईरहेको ।

## वर्षाको सारांश

साउन ०७ गते बिहान ०८:४५ बजे देखि साउन ०८ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०४/०८ गते बिहान ०८:४५ बजे २२४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ६६ र स्वचालितः १५८) मा मापन गरिएको वर्षाको विवरण अनुसार १६१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१८५.३ मि. मी.) स्याङजा जिल्लाको स्याङ्जा केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये २ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, १४ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ४३ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र ७२ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धी थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

**श्रावण-८ (बिहिबार) ( विहान ७ बजे देखि २४ घण्टा)**

- आज कोशी,कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने र सतर्कता तलै हुने । नारायणीमा बहाव बढ्दो हुने र सतर्कता तलै हुने । नारायणीका केहि साना सहायक नदीमा बहाव सतर्कता भन्दा केहि मात्र तल हुने वा सतर्कता आसपास हुने ।
- आज कन्काई,कमला, बागमती, पश्चिम राप्ती, बबईमा बहाव बढ्दो हुने र सबैमा बहाव सतर्कता तलै हुने पूर्वानुमान छ । कन्काई, कमला,बागमती,पश्चिम राप्तीका केहि साना सहायक नदीमा आकस्मिक बहाव (Flash Flood हुन सक्ने न्यून संभावना रहेको छ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, उदयपुर, सप्तरी, सिराहा, धनुषा लगायत प्रदेश २ का जिल्लाहरु,सिन्धुली, मकवानपुर, सिन्धुपाल्चोक, दोलखा, रामेछाप, काभ्रेपलाञ्चोक, नुवाकोट, काठमाण्डौ उपत्यका, गोरखा, धादिङ, गोरखा, लम्जुङ, तनहुँ, स्याङ्जा, कास्की , पर्वत, म्याग्दी, चितवन, नवलपरासी, गुल्मी, पाल्पा, रोल्पा, प्यूठान, रुकुम, दाङ, बाँके, बर्दिया, कैलाली, कञ्चनपुर, डडेलधुरा र आसपास भई बहने साना नदीमा आकस्मिक बहावको न्यून संभावना रहेको छ ।

**नोट :पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ। रातो रङले उच्च जोखिमको संकेत गर्छ।**

**थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/**